**भवनको अधिकतम उचाई सम्बन्धमा निर्णय :-**

१) जनकपुरधाममा अवस्थित श्री मा जानकीको मन्दिरलाई विश्व सम्पदा सूची (World Heritage) मा समावेश गर्न जनकपुरधाम उप-महानगरपालिकाले पहल गर्दै आईरहेकोमा शिवचौक हुदै मानकी होटल हुदै लालबाबु झाको घरको दक्षिण पट्टिको बाटो हुदै टेक नारायण यादवको दक्षिण तिरको बाटो हुदै दुरसंचार उत्तरतिरको पश्चिम जाने बाटो कृष्णा सिंहको घर हुदै होस्पिटल रोड (रंगभुमीको परिसर सहित) रंगभुमीको पुर्व दक्षिण गेट हुदै दशरथ तलाउको समेत हुदै दशरथ तलाउको पश्चिम दक्षिण कुना देखी दक्षिण पुर्व दशरथ तलाउ समेत हुदै रंगभुमी मार्ग हुदै पेठिया बजार हुदै महाविर चौक हुदै सौतिनिया ईनार हुदै रामचौक हुदै स्वर्गद्वारी हुदै गंगा सागर पूर्व डिल हुदै शिवचौक सम्मका क्षेत्रलाई विशेष धार्मिक क्षेत्र हुने तथा उल्लेखित क्षेत्रभित्र भवनको प्लीन्थ लेभल भन्दा माथी अधिक्तम उचाई ३३ फिट कायम गरी नक्सा पास गर्ने निर्णय गरियो ।

२) उपरोक्त बुंदा (१) मा उल्लेखित सडक बाहिर र परिक्रमा सडक तथा सडक बाहिर प्रथम किता प्लिन्थ लेबल भन्दा माथि ५५ फिट (भर्याङ्गको घर बाहेक) भवनको अधिकत्म उचाई कायम गर्ने ।

३) परिक्रमा सडकको प्रथम कित्ता बाहिर बस्ती बिकास सहरी योजना तथा भवन निमार्ण सम्वन्धी मापदण्ड २०७२ र संसोधत मापदण्ड २०७३ बमोजिम भवनको मापदण्ड भित्र भवनको उचाई (High Raised Building) निर्माण गर्न अनुमति दिइने छ ।

४) भवन सम्वन्धी मापदण्ड निम्न बमोजिम हुनेछ ।

| भवनको किसिम | Far (Floor Area Ratio) |
|---|---|
| अवासिय भवन | २.७५ |
| व्यापारिक भवन | २.२५ |
| अपार्टमेन्ट र ठुला भवनको हकमा | ३ |